# बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८०

*मिति २०८३।०२।०७ गतेसम्म भएको अनुसूची हेरफेर समेत मिलाइएको।*

आन्तरिक मामिला ... न्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८०

<u>**प्रदेश राजपत्रमा प्रकाशित मिति**</u>

२०८०।०५।१०

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश मन्त्रिपरिषद्ले प्रदेश सरकारको कार्य विभाजनका लागि देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "बागमती प्रदेश सरकार, (कार्यविभाजन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ। सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

(ख) "मन्त्री" भन्नाले मुख्यमन्त्री र मन्त्रीलाई सम्झनुपर्छ। सो शब्दले स्वतन्त्र रूपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई जनाउँछ।

(घ) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश मन्त्रिपरिषद्लाई जनाउँछ।

३. **<u>मन्त्रालयः</u>** प्रदेशमा अनुसूची- १ मा उल्लेख भए बमोजिम मन्त्रालय रहने छन्।

४. **<u>कार्यसम्पादनः</u>** प्रदेश सरकारको कार्यसम्पादन नियम ३ मा उल्लेख भए बमोजिमका मन्त्रालयहरूबाट हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

५. **<u>कार्यविभाजनः</u>** (१) मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै मन्त्रालयको काममा हेरफेर गर्न सक्नेछ।

(३) मुख्यमन्त्रीले कुनै मन्त्रीलाई एक वा एक भन्दा बढी मन्त्रालयको कार्यभार सुम्पन सक्नेछ।

(४) मुख्यमन्त्रीले कुनै मन्त्रालयलाई तोकिएको काम मध्ये केही काम आफैंले वा सम्बन्धित मन्त्रीको सिफारिसमा अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्न सक्नेछ।

तर सम्बन्धित मन्त्री प्रदेशमा नरहेको अवस्थामा निजको काम कुनै मन्त्रीले वा आफैले हेर्ने गरी तोक्न त्यस्तो सिफारिस आवश्यक पर्ने छैन।

६. **<u>मन्त्रीको जिम्मेवारीः</u>** नियम ५ बमोजिम आफूलाई तोकिएको कार्य सम्पादन गर्ने वा गराउने जिम्मेवारी र कार्यसम्पादन भए नभएको विषयमा वहन गर्ने उत्तरदायित्व सम्बन्धित मन्त्रीको हुनेछ।

७. **<u>अनुसूचीमा हेरफेरः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

८. **<u>खारेजी र बचाउः</u>** (१) प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ खारेज गरिएको छ।

(२) प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिने छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## *अनुसूची- १

(नियम ३ सँग सम्बन्धित)

**प्रदेशमा रहने मन्त्रालयहरू**

| | |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४. | उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय |
| ५. | कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय |
| ६. | खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ८. | स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

* मिति २०८३।०२।०७ मा प्रकाशित प्रदेश राजपत्रद्वारा अनुसूची हेरफेर।

# *अनुसूची- २

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

## प्रदेशमा रहने मन्त्रालयहरूको कार्य जिम्मेवारी

### १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी |
| २. | प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३. | प्रदेश सरकारको कार्यविभाजन र कार्यसम्पादन |
| ४. | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५. | प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण |
| ६. | प्रदेश मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन |
| ७. | प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण |
| ८. | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिको अद्यावधिक जानकारी र सम्बोधन |
| ९. | मानव अधिकारको संरक्षण र प्रवर्द्धन |
| १०. | सुशासन, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार |
| ११. | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय |
| १२. | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १३. | प्रदेश प्रमुखसँग सम्पर्क र समन्वय |
| १४. | अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध |

* मिति २०८३।०२।०७ मा प्रकाशित प्रदेश राजपत्रद्वारा अनुसूची हेरफेर।

| | |
|---|---|
| १५. | प्रदेशस्तरका आयोग तथा निकायको गठन एवम् सञ्चालन र पदाधिकारीको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन |
| १६. | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| १७. | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |
| १८. | प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण |
| १९. | राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क तथा समन्वय |
| २०. | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |

## २. आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र सो विषयमा संघसँगको समन्वय र सहकार्य |
| २. | अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा |
| ३. | प्रदेशभित्र भ्रमणमा रहेका अतिविशिष्ट व्यक्ति र विशिष्ट व्यक्तिहरूको सुरक्षा समन्वय |
| ४. | संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय |
| ५. | संघीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन |
| ६. | प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय |
| ७. | प्रदेश सभा मामिला |

| | |
|---|---|
| ८. | प्रदेश सभामा पेस हुने विधेयक, अध्यादेश, तथा प्रदेश सरकारबाट जारी हुने नियम, आदेश, निर्देशिका एवम् कार्यविधिको सहमति |
| ९. | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग |
| १०. | आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग |
| ११. | प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण |
| १२. | सामुदायिक प्रहरी |
| १३. | प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन |
| १४. | प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरूको अभिलेख र समन्वय |
| १५. | गुनासो र विवाद व्यवस्थापन |
| १६. | संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थको नियमन |
| १७. | फौजदारी कार्यविधि कानूनको कार्यान्वयन |
| १८. | अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति |
| १९. | निवारक नजरबन्द र स्थानहद सम्बन्धी |
| २०. | अन्तरप्रदेश सुरक्षा सम्बन्ध |
| २१. | सरकारी प्रयोजनको लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रदेश नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान |
| २२. | स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय |
| २३. | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २४. | विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य सम्बन्धी कार्य |
| २५. | प्रदेश सरकारले दिने उपाधि, सम्मान तथा विभूषणको सिफारिस |
| २६. | प्रदेशस्तरमा सार्वजनिक समारोह, बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन |

| | |
|---|---|
| २७. | प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना |
| २८. | सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी |
| २९. | प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन (रेडियो, एफ. एम. तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण |
| ३०. | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन |
| ३१. | प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन |
| ३२. | प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन |
| ३३. | प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन |
| ३४. | साइबर सुरक्षा अनुगमन |
| ३५. | प्रदेश सरकार अन्तर्गतका निकायहरूमा सफ्टवेयरको निर्माण र प्रयोगको अनुगमन, नियमन र सञ्जालीकरण |
| ३६. | छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन |
| ३७. | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण |
| ३८. | श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन |
| ३९. | प्रदेशस्तरीय सञ्चार रजिष्ट्रार |
| ४०. | केबुल वितरणको इजाजत, नवीकरण र नियमन |
| ४१. | सूचनाको हक सम्बन्धी प्रदेशको नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| ४२. | चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन |
| ४३. | प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन तथा प्रदेश राजपत्र प्रकाशन |

| | |
|---|---|
| ४४. | प्रदेश कानूनको प्रकाशन र वितरण |
| ४५. | प्रदेश सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखतको अनुवाद |
| ४६. | प्रदेश कानूनको एकीकरण र संहिताकरण |
| ४७. | नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौताको अभिलेखीकरण, प्रकाशन |
| ४८. | व्यक्तिगत घटना जन्म, मृत्यु, विवाह र तथ्याङ्क सम्बन्धी कार्य |
| ४९. | सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकार क्षेत्रको सिर्जना |
| ५०. | सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन |
| ५१. | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रदेश मापदण्ड निर्धारण र नियमन |
| ५२. | सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य |
| ५३. | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन |
| ५४. | प्रदेशभित्र सहकारी संस्थाको दर्ता, नियमन, प्रशिक्षण तथा अनुगमन |
| ५५. | आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य (सहकारी क्षेत्र) |
| ५६. | प्रदेश सरकारले गर्नुपर्ने तर कुनै मन्त्रालयलाई नतोकिएको कार्य |

## ३. आर्थिक मामिला तथा योजना मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन |
| ३. | प्रादेशिक वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन |
| ४. | संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन |

| | |
|---|---|
| ५. | प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर |
| ६. | प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ७. | राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग |
| ८. | प्रदेशको राजस्व र राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति तथा कानूनको तर्जुमा तथा कार्यान्वयन |
| ९. | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान |
| १०. | संघीय नीति अनुरूप सहवित्तीयकरण |
| ११. | प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन |
| १२. | प्रदेश विनियोजन ऐन तथा बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन |
| १३. | प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् कर्मचारी व्यवस्थापन |
| १४. | प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष |
| १५. | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| १६. | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण |
| १७. | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिबाना सङ्कलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १८. | संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण |

| | |
|---|---|
| १९. | संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य |
| २०. | तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग समन्वय र सहकार्य |
| २१. | बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन |
| २२. | प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन |
| २३. | आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य |

## ४. उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा र सिन्डीकेट तथा कार्टेलिङ नियन्त्रण |
| २. | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, निर्यात प्रवर्द्धन |
| ३. | ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| ४. | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता |
| ५. | व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन |
| ६. | खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन |
| ७. | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी |
| ८. | कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ९. | उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन |

| | |
|---|---|
| १०. | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार |
| ११. | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| १२. | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १३. | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय |
| १४. | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण, नियमन र सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय |
| १५. | संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन |
| १६. | अत्यावश्यक वस्तुहरूको प्रदेशभित्र माग र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय |
| १७. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन |
| १८. | करार, साझेदारी र एजेन्सी सम्बन्धी नीति, कानून, मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन |
| १९. | संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति, कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन |
| २०. | व्यावसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन |
| २१. | प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन |
| २२. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन |
| २३. | प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २४. | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन |

| | |
|---|---|
| २५. | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग |
| २६. | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन |
| २७. | टाट पल्टेको र दामासाही सम्बन्धी |
| २८. | प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन |
| २९. | प्रदेशस्तरीय तालिमनीति तथा मापदण्ड निर्धारण र स्तरीकरण |
| ३०. | औद्योगिक प्रतिष्ठानहरू सञ्चालन, व्यवस्थापन तथा संघीय सरकारसँगको समन्वयमा अनुगमन तथा नियमन |
| ३१. | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन |
| ३२. | प्रदेशभित्रको निजी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन |
| ३३. | जग्गादर्ता, रजिष्ट्रेसन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| ३४. | संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन |
| ३५. | नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना |
| ३६. | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन |
| ३७. | भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३८. | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ३९. | सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन |
| ४०. | गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय |

| | |
|---|---|
| ४१. | प्रदेशको पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन |
| ४२. | पर्यटक प्रहरी समन्वय |
| ४३. | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ऱ्याफ्टिङ आदिको दर्ता, अनुमति, नवीकरण |
| ४४. | संघीय कानून बमोजिम क्यासिनो तथा चिट्ठा दर्ता, अनुमति र नियमन |
| ४५. | भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ४६. | ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रदेशभित्रका दरबारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| ४७. | प्रदेशमा संग्रहालय स्थापना, सञ्चालन तथा व्यवस्थापन |
| ४८. | प्रदेशस्तरका पुरातात्त्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, गढी, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन |
| ४९. | धर्म, परम्परा र गुठी अन्तर्गत चली आएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन |
| ५०. | संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| ५१. | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन |
| ५२. | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण |
| ५३. | सवारी तथा सवारीचालक अनुमतिपत्र व्यवस्थापन सम्बन्धी विद्युतीय प्रणालीको विकास |
| ५४. | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर समायोजन तथा निर्धारण र अनुगमन एवम् नियमन |
| ५५. | वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन |

| | |
|---|---|
| ५६. | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन |
| ५७. | श्रम तथा रोजगार प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् स्थानीय सरकारसँग समन्वय |
| ५८. | श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रदेश नीति, कानून, मापदण्ड र नियमन |
| ५९. | श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| ६०. | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र विवादको निरूपण |
| ६१. | कार्यस्थल सुरक्षा, कल कारखाना निरीक्षण तथा नियमन |
| ६२. | प्रदेश तहमा सडक सुरक्षा सम्बन्धी नीति, योजना निर्माण, कार्यान्वयन तथा अनुगमन |
| ६३. | ट्राफिक व्यवस्थापन र यातायात क्षेत्रको सिन्डीकेट तथा कार्टेलिङ्ग नियन्त्रण |

## ५. कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण |
| ३. | कृषि औद्योगिकीकरण, कृषि औजार कारखाना तथा पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन |
| ४. | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार |
| ५. | कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन |
| ६. | कृषिउपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन |
| ७. | खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर |

| | |
|---|---|
| ८. | कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधिको तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण |
| ९. | कृषि मल, बीउ र विषादी आपूर्ति व्यवस्था र नियमन |
| १०. | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण |
| ११. | कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन |
| १२. | कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन |
| १३. | कृषि बजार, पूर्वाधार र कृषि फार्म/केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन |
| १४. | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| १५. | सामूहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन |
| १६. | चरन तथा खर्क सम्बन्धी प्रदेश नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १७. | कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन |
| १८. | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १९. | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण |
| २०. | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन |
| २१. | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन |
| २२. | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन |

| | |
|---|---|
| २३. | जडीबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति र कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलन |
| २४. | वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह |
| २५. | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग |
| २६. | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन |
| २७. | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट |
| २८. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास र व्यवस्थापन |
| २९. | प्रदेशभित्र भूस्खलन नियन्त्रण, जोखिमयुक्त क्षेत्र पहिचान, जोखिमयुक्त पूर्वाधारको संरक्षण तथा मर्मत सम्भार |
| ३०. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन |
| ३१. | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन |
| ३२. | प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३३. | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना, वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार |
| ३४. | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन तथा वातावरणमैत्री शासकीय प्रबन्ध |
| ३५. | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण |
| ३६. | प्रदेशस्तरमा जलवायु परिवर्तनको असर न्यूनीकरण र न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास, प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन |

| | |
|---|---|
| ३७. | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन |
| ३८. | प्रदेशभित्र वातावरणीय सुशासन तथा परीक्षण |
| ३९. | भू-परिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन |
| ४०. | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण |
| ४१. | अन्तरप्रदेशीय नदी उकास तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन |
| ४२. | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन |
| ४३. | प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४४. | प्रदेशभित्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन |
| ४५. | वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४६. | खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखा ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन |

## ६. खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन |
| २. | प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाई तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन |
| ३. | ऊर्जा, विद्युत, सिँचाई सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन |
| ४. | राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन |

| | |
|---|---|
| ५. | प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ६. | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय |
| ७. | मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन |
| ८. | जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन |
| ९. | प्रदेशमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी नीति, योजना, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| १०. | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ११. | सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएको वर्गको पहुँच सुनिश्चितता |

## ७. भौतिक पूर्वाधार विकास मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको भौतिक पूर्वाधार, सहरी तथा ग्रामीण पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन |
| २. | वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक पूर्वाधार प्रणालीको निर्माण, प्रवर्द्धन र विकास |
| ३. | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन |
| ४. | प्रदेश लोकमार्ग, सडक, पुल, झोलुङ्गेपुल सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, |
| ५. | सडक स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन तथा सडक अधिकार क्षेत्र (राइट अफ वे) को संरक्षण |
| ६. | प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| ७. | प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, प्रमुख सचिव तथा सचिवहरूको आवास पूर्वाधार व्यवस्थापन |
| ८. | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, वस्ती विकास, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी नीति एवम् योजनाको निर्माण कार्यान्वयन र मार्ग निर्देशन |
| ९. | प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन |
| १०. | प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण |
| ११. | सुरक्षित बसोबास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन |
| १२. | प्रदेशभित्रको सडक सुरक्षा |
| १३. | फोहरमैला व्यवस्थापन सम्बन्धी पूर्वाधार निर्माण |

## ८. स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रदेश नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन |
| ३. | स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेशागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन |
| ४. | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन |
| ५. | प्रदेशस्तरीय अस्पताल तथा स्वास्थ्य प्रतिष्ठानको स्थापना, सञ्चालन र नियमन |
| ६. | राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, खारेजी, सञ्चालन, अनुमति र नियमन |

| | |
|---|---|
| ७. | राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, खारेजी, सञ्चालन, अनुमति र नियमन |
| ८. | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन |
| ९. | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन |
| १०. | औषधि निगरानी, औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण |
| ११. | खोप र परिवार नियोजन |
| १२. | संवेदनशील लगायतका औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन |
| १३. | प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, |
| १४. | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन |
| १५. | सुर्ती, मदिरा र लागूपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन |
| १६. | स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधि तथा औषधिजन्य सामग्रीको प्रदेशको बफरस्टक व्यवस्थापन |
| १७. | सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| १८. | राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| १९. | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन |
| २०. | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन |
| २१. | जनसंख्या, बसाइँ सराई र परिवार नियोजन सम्बन्धी नीति, कानून तथा योजना तर्जुमा र कार्यान्वयन |

| | |
|---|---|
| २२. | प्रदेश विश्वविद्यालय तथा प्रतिष्ठान सञ्चालन, उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २३. | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| २४. | प्रदेशस्तरमा पुस्तकालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २५. | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण |
| २६. | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| २७. | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| २८. | माध्यमिक तहको परीक्षा व्यवस्थापन |
| २९. | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ३०. | प्रदेशस्तरको विज्ञान तथा प्रविधि सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ३१. | प्रदेशस्तरमा विज्ञान तथा प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग |
| ३२. | विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन |
| ३३. | विज्ञान प्रविधि कोषको स्थापना र सञ्चालन, युवा वैज्ञानिक प्रोत्साहन, वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास |
| ३४. | महिला हक सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३५. | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार विरुद्धको नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना |
| ३६. | महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान |

| | |
|---|---|
| ३७. | बाल बालिकाको हकहित संरक्षण सम्बन्धी प्रदेश नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना |
| ३८. | प्रदेशस्तरका लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक, अपाङ्गता भएका र अशक्त व्यक्ति, बालबालिका र महिला हक हित सम्बन्धी कार्यक्रम सञ्चालन र अनुगमन तथा मूल्याङ्कन |
| ३९. | सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| ४०. | समाजकल्याण र गैरसरकारी संघसंस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन |
| ४१. | युवासम्बन्धी प्रदेश नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ४२. | खेलकुदसम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, |
| ४३. | खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन |
| ४४. | खेलकुद प्रशासन र खेलकुदसम्बन्धी संघसंस्थाको नियमन र समन्वय |
| ४५. | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र सहभागिता |
| ४६. | प्रदेश खेलकुद विकास परिषद् |
| ४७. | प्रदेश युवा परिषद् |
| ४८. | युवा तथा खेलकुदसम्बन्धी अन्य गतिविधि |
| ४९. | युवासम्बन्धी नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ५०. | गरिबी निवारण सम्बन्धी नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सामाजिक सुरक्षा र संरक्षण |
| ५१. | स्वरोजगार एवम् रोजगारमूलक सीप विकास तालिम सञ्चालन |